## देबचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, (ब.सु.पु.) प्रगतिनगर नवलपरासी

### आगामी आर्थिक बर्ष २०८०/०८१ वजेट तर्जुमा मार्गदर्शन,

निर्णय नं. १ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ को उपदफा ३ बमोजिम आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि वजेटको मार्गदर्शन, नीतिगत तथा कानुनी आधार, वजेटको उद्येश्य, वजेटको प्रक्षेपण, वजेटको कुल सीमा, विषयगत वजेटको सीमा, वजेट र योजनाको प्राथमिकीकरण देहाय बमोजिम निर्धारण गरी सोही बमोजिम वजेट निर्माणको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**१.१. वजेटको कानुनी तथा नीतिगत आधारहरु :**

नगर क्षेत्रको समग्र आर्थिक, सामाजिक, सास्कृतिक र पूर्वाधार लगायतको विकासका लागि एक आर्थिक बर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि चाहिने आयका श्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज वजेट हो । वजेट मार्फत नगरपालिकाले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै न्यायोचित कर प्रणाली स्थापना र योजना कार्यान्वयनको स्पष्ट खाका समेत प्रस्तुत गर्दछ । तसर्थ, वजेट तर्जुमा गर्दा निश्चित कानुनी तथा नीतिगत आधार लिन जरुरी छ । त्यसैले देबचुली नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को वजेट तर्जुमा गर्दा देहायका कानुनी तथा नीतिगत आधार लिनेछ ।

१. नेपालको संविधानको सान्दर्भिक धाराहरु,
२. स्थानीय सरकार संचालन ऐन, २०७४,
३. नगरसभा र नगर कार्यपालिकाले स्वीकृत गरेका ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड र नीतिगत निर्णयहरु,
४. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरु,
५. सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ का सान्दर्भिक दफाहरु,
६. संघीय सरकारको १५ औ आवधिक योजना र गण्डकी प्रदेस सरकारको प्रथम पंचवर्षिय आवधिक योजना, (आ.व. २०७६/०७७-२०८०/०८१), गण्डकी प्रदेश दिगो विकास लक्षको आधार तत्थ्याङ्क प्रतिवेदन, २०७६, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५ आदि,
७. नगरपालिकाले तर्जुमा गरेको आवधिक योजना, मध्यकालिन खर्च संरचना (२०७९/०८०-२०८१/०८२) को खाका, क्षमता विकास योजना (आ.व.२०७८/०७९-२०८१/०८२) सडक यातायात गुरुयोजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, राजश्व सुधार योजना आदि,
८. देबचुली नगरपालिकाको पार्श्वचित्र (प्रोफाइल),
९. नगरपालिकाले तर्जुमा गरेको कृषि विकास रणनीति, २०७९

१०. दिगो विकासका लक्षहरु र नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा जनाएका विभिन्न विभिन्न प्रतिवद्धताहरु,

११. नगरपालिकाको प्रमुख समस्या, सम्भावना र चुनौतीहरु,

१२. समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ का सान्दर्भिक दफाहरु,

१३. वजेट प्रस्तुतीको साथमा एकैसाथ पेश हुने विनियोजन तथा आर्थिक विधेयक,

## १.२. वजेटको उद्येश्य :

१. उपलब्ध श्रोत, साधन, अवसर र क्षमताको अधिकतम उपयोग गरी आर्थिक, सामाजिक तथा पूर्वाधारको दीगो र भरपर्दो विकास गर्ने,

२. गुणस्तरीय स्वास्थ्य सेवामा नगरबासीको पहुँच विस्तार गर्ने र संक्रामक रोग लगायत अन्य विपद्बाट नागरिक जीवनको रक्षा गर्ने,

३. जनताको अधिकतम अपनत्व रहने गरी जनचाहना अनुसारका विकास योजना र कार्यक्रमहरु कार्यान्वयनमा जोड दिने,

४. स्थानीय स्तरमै रोजगारीको सिर्जना गरी नागरिकको जीवनलाई सहज र सुरक्षित बनाउने,

५. सेवा प्रवाहलाई सरल, सहज र सरलीकरण गरी जनतालाई नजिकको सरकारको प्रत्याभुति दिने,

६. कर प्रणालीलाई सुदृढ र बैज्ञानिक बनाउदै नगरपालिकालाई आर्थिक श्रोतमा आत्मनिर्भरता तर्फ उन्मुख गराउदै संघीय र प्रदेश सरकार माथिको निर्भरतालाई कम गर्दैजाने,

७. संस्थागत क्षमताको विकास गरी आधुनिक र प्रविधिमैत्री बनाउदै जाने,

८. बातावरणमैत्री विकास गरी स्वच्छ, सफा, हराभरा शहरको विकास गर्ने,

## १.३. वजेट बाँडफाँडको न्युनतम मापदण्ड :

- देबचुली नगरपालिकाको आन्तरिक श्रोत, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, राजश्व बाडफाड, समपुरक अनुदान, विशेष अनुदान तथा शशर्त अनुदान तर्फको रकम विनियोजन तथा बाँडफाँड गर्दा नगरपालिकाको सन्तुलित विकास हुने गरी आयोजना र कार्यक्रमहरु छनौट गर्न प्राथमिकीकता दिइने ।
- नगरस्तरीय योजनामा पुर्वाधार तर्फ रु. ५ लाखको भन्दा सानो योजना छनौट नगरिने ।
- नगरपालिका भित्रका पिछडिएका क्षेत्र/बस्ती तथा जातजाति र आर्थिक सामाजिक हिसावले पछाडी परेका बर्गलाई माथि उठाई विकासको मुलप्रवाहमा ल्याउने योजना र कार्यक्रम छनौट गर्न प्राथमिकता दिइने ।
- समानीकरण, विशेष तथा संघीय र प्रदेशस्तरीय अन्य कुनै पनि प्रकारका योजना नपरेका वडालाई नगरस्तरीय योजनामा विशेष प्राथमिकता दिइने ।
- वडा भित्र रहेको सार्वजनिक सम्पतिको पहिचान गरी संरक्षण गर्ने वडाहरुलाई त्यस्तो सार्वजनिक सम्पतिको संरक्षण लगायत अन्य थप योजना कार्यान्वयनका लागि वजेटमा प्राथमिकता दिइने ।

- स्वीकृत योजनाहरु कार्यान्वयनमा ढिलाई गर्ने तथा योजना कार्यान्वयन नै नगर्ने वडाहरुलाई नगरस्तरीय योजनामा कम प्राथमिकता दिइने । साथै, दोश्रो चौमासिक भित्र स्वीकृत योजना र कार्यक्रम सम्पन्न गर्ने वडालाई प्रोत्साहन स्वरुप थप योजना दिने ।
- वडास्तरीय योजना अन्तर्गत रु. ३ लाख भन्दा माथिका कम्तीमा ५ वटा योजना छनौट गरेको वडालाई नगरस्तरीय योजना अन्तर्गत थप योजना दिने ।
- घर घरमा फोहरको बर्गीकरण गरी फोहरमैला व्यवस्थापन कार्यमा सहजीकरण गर्ने टोल विकास संस्थाहरुलाई चौमासिक मुल्याङ्कनका आधारमा कार्यक्रम संचालन गर्न वजेट तथा कार्यक्रम दिने ।
- फोहरमैला व्यवस्थापनका लागि जग्गा उपलब्ध गराउने वडालाई थप योजना तथा कार्यक्रम गर्न वजेटमा प्राथमिकता दिइने ।
- विकास आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्न सम्पूर्ण विकास आयोजनाहरुलाई पाँच वटा विषयगत क्षेत्र अनुसार पाँच वटा प्रमुख क्षेत्रहरुमा वर्गीकरण गरी त्यस अन्तर्गत पर्ने उपक्षेत्र देहाय बमोजिम निर्धारण गरिएको छ ।

| सि.नं. | प्रमुख क्षेत्रहरु | उप क्षेत्रहरु |
|---|---|---|
| १. | आर्थिक क्षेत्र | उद्योग, व्यापार, पर्यटन, जलश्रोत तथा सिंचाई, कृषि, पशुसेवा, सहकारी, बन, श्रम तथा रोजगारी, गरिवी निवारण, भुमि व्यवस्था आदि, |
| २. | सामाजिक क्षेत्र | शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाई, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, भाषा, धर्म संस्कृति, कला साहित्य, युवा तथा खेलकुद, सामाजिक सुरक्षा तथा संरक्षण आदि, |
| ३. | पुर्वाधार क्षेत्र | यातायात पूर्वाधार, भवन आवास तथा सहरी विकास, बस्ती विकास, उर्जा,  सम्पदा पूर्वाधार, पुन निर्माण आदि, |
| ४. | बातावरण संरक्षण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र | बातावरण संरक्षण र जलबायु परिवर्तन, विपद् व्यवस्थापन, नदि नियन्त्रण/तटबन्ध, फोहरमैला व्यवस्थापन, शान्ति तथा सुव्यवस्था, सुचना तथा संचार र विज्ञान प्रविधि, बैकल्पिक उर्जा, मानव संसाधन, सीप तथा क्षमता विकास, |
| ५. | सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह | कार्यालय संचालन तथा प्रशासनिक व्यवस्था, संस्थागत क्षमता विकास, संस्थागत सुधार, जबाफदेही सेवा प्रवाह, अनुगमन र मूल्याङ्कन, तत्याङ्क प्रणाली विकास, प्रशासकिय शुसासन, कानुन |

| | | |
|---|---|---|
| | | तथा न्याय आदि । |

**१.४. योजना छनौट तथा तर्जुमा गर्दा पालना गर्नुपर्ने मार्गदर्शन तथा प्राथमिकीकरण :**

आर्थिक बर्ष २०८०/०८१ को योजना तर्जुमा गर्दा नगरपालिकाले देहायका विषयलाई मार्गदर्शनका रुपमा लिई सोही बमोजिम योजना छनौटमा प्राथमिकता दिनेछ ।

१. जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा योगदान दिई आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजना तथा कार्यक्रमहरु,

२. कृषि उत्पादन तथा बजारीकरणमा योगदान दिने, उद्यमशीलता विकास र प्रबर्द्धन गर्ने खालका योजना तथा कार्यक्रमहरु,

३. उत्पादनमुलक तथा छिटो प्रतिफल दिने खालका ठुला प्रकृतिका योजना तथा कार्यक्रमहरु,

४. जनस्वास्थ्यसंग सम्बन्धित विपद्लाई सहजै सामान गर्न सक्ने तथा नियमित स्वास्थ्य सेवालाई सरल, भरपर्दो, आधुनिक प्रविधियुक्त बनाउन योगदान दिने खालका योजना तथा कार्यक्रमहरु,

५. स्थानीय जनताको अधिकतम श्रम तथा लागत सहभागीता जुटने, स्थानीय श्रोत, साधन र सीपको प्रयोग हुने, कम लागतमा बढी प्रतिफल दिन सकिने दीगो विकासका योजना तथा कार्यक्रमहरु,

६. महिला, बालबालिका, जेष्ठ नागरिक, पिछडिएका वर्ग र क्षेत्रका समुदायलाई प्रत्यक्ष लाभ पुगी लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि गर्ने खालका योजना तथा कार्यक्रमहरु,

७. बातावरणीय संरक्षण, फोहरमैलाको दीगो र प्रभावकारी व्यवस्थापन, विपद् उत्थानशील योजना तथा कार्यक्रमहरु,

८. पर्यटकीय क्षेत्रको विकास, संरक्षण र प्रबर्द्धनद्धारा रोजगारी सिर्जना र आयआर्जनमा योगदान दिन सक्ने योजना तथा कार्यक्रमहरु,

९. संघ तथा प्रदेश सरकारले लिएका राष्ट्रिय तथा प्रदेशस्तरीय लक्षलाई योगदान दिने खालका योजना तथा कार्यक्रमहरु,

१०. नगरपालिकाको संस्थागत क्षमता विकास, आधुनिक र प्रविधिमैत्री प्रशासन बनाउन योगदान पुग्ने योजना तथा कार्यक्रमहरु,

११. दीगो विकासका लक्ष (Sustainable Developmnt Goal) लाई योगदान दिने खालका योजना तथा कार्यक्रमहरु,

(दीगो विकासका लक्ष : १.गरिवीको अन्त गर्ने । २. भोकमरी अन्त गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दीगो कृषिको प्रबर्द्धन गर्ने । ३. सबै उमेर समुहका व्यक्तिका लागि स्वास्थ्य जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रबर्द्धन गर्ने । ४. समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चितता गर्दै सबैका लागि जीवनपर्यन्त सिकाईका अवसर प्रबर्द्धन गर्ने । ५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी तथा बालबालिकाहरुलाई सशक्त बनाउने । ६. सबैका लागि खानेपानीको साथै सरसफाईको उपलब्धताका साथै यसको दीगो

व्यवस्थापन सुनिश्चित गर्ने । ७. धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जाको सबैमा पहूचको सुनिश्चितता गर्ने । ८. स्थित, समावेशी, दीगो आर्थिक बृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रबर्द्धन गर्ने । ९. उत्पानशील पूर्वाधारहरु निर्माण गर्ने, समावेशी तथा दीगो औद्योगिकीकरणलाई प्रबर्द्धन गर्ने र नवप्रबर्तनलाई प्रेरित गर्ने । १०. देशभित्र तथा देशहरुबीचको असमानता हटाउने । ११. सहरहरु र मानवबस्तीहरुलाई समावेशी, सुरक्षित, उत्पादनशील र दीगो बनाउने । १२. दीगो उपभोग र उत्पादन ढाँचाहरु सुनिश्चित गर्ने । १३. जलबायु परिवर्तन र यसको प्रभावसंग जुध्न तत्काल कार्य अगाडी बढाउने । १४. जैविक विविधताको संरक्षण, बनको व्यवस्थापन, भु परिस्थतीकिय प्रणालीको संरक्षण र यसको दीगो उपयोग र रक्षा गर्ने । १५. दीगो विकासका निम्ती शान्तिपूर्ण र समावेशी समाजहरुको प्रबर्द्धन गर्ने, न्यायमा सबैको पहुच सुनिश्चितता गर्ने र सबै तहहरुमा प्रभावकारी, जबाफदेही र समावेशी संस्थाहरु स्थापना गर्ने । १६. दीगो विकासका लागि कार्यान्वयनका उपायहरु/साधनहरुलाई सुदृढ गर्ने । )

१२. शैक्षिक विकास, स्थानीय भाषा, संस्कृतिको जगेर्ना र सामाजिक सदभाव बढाउने खालका योजना र कार्यक्रमहरु,

१३. संस्थागत विकास र सेवा प्रवाहमा योगदान दिने खालका योजना र कार्यक्रमहरु,

१४. लैङ्गिक उत्तरदायी, जलबायु परिवर्तन, गरिवी न्यूनीकरणमा योगदान पुग्ने रणनीतिक खालका योजना र कार्यक्रमहरु,

१५. टोल विकास संस्थाहरुलाई परिचालन गरी गर्न सकिने खालका चेतनामुलक, आयमुलक खालका कार्यक्रम तथा परियोजाहरु,

१६. पोषणलाई प्रबर्द्धन गर्ने खालका बहुक्षेत्रिय पोषण सम्बन्धी योजना तथा कार्यक्रमहरु,

**१.५ वजेटको प्रक्षेपण :** आर्थिक बर्ष २०७८/०७९ मा प्राप्त भएको यथार्थ आय, चालु आर्थिक बर्ष २०७९/०८० को फागुन मसान्तसम्म प्राप्त भएको आन्तरिक आय, राजश्व बाडफाडबाट प्राप्त भएको आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, शसर्त अनुदान समेतलाई मध्यनजर गरी आगामी आ.व.मा देहाय बमोजिम श्रोत जुटने प्रक्षेपण गरियो ।

| सि.नं | विवरण | आ.व. २०७८/०७९ को यथार्थ | आ.व. २०७९/०८० को | | आगामी तीन आ.व.को प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रक्षेपण | ०७९ फागुन सम्मको | **२०८०/०८१** | **२०८१/०८२** | **२०८२/०८३** |
| **१** | **आन्तरिक आय** | | | | | | |
| क | सम्पती कर | ९३५०१०० | १०००००००० | ८२८९७३९ | १०००००००० | ११०००००० | ११२००००० |
| ख | भूमि/मालपोत कर | ० | ० | ० | ५०००००० | ५५००००० | ६०००००० |
| ग | घरजग्गा बहाल कर | ५५९१२११ | ३०००००० | ३९१५०४३ | ६०००००० | ६५००००० | ७०००००० |
| घ | व्यवसाय कर | ४७२०८५४ | ४५००००० | ४९३३५३० | ११०००००० | १२०००००० | १२३००००० |
| ङ. | बहाल विटौरी कर | ४७६३७० | ४००००० | ४५७७०६ | ५००००० | ६००००० | ७००००० |
| च | पार्किङ शुल्क | १६५००० | ० | ० | ० | ५००००० | ६००००० |
| छ | जडीबटी, कबाडी जीवजन्तु कर | ० | ० | ३०२००० | ४०००००० | ४५००००० | ६०००००० |
| ज | सेवा शुल्क ( शिफारिश, नाता प्रमाणित, नक्सापास, अन्य) | १५८६८१२५ | १२१००००० | ९७२७७६८ | २०३००००० | २१०००००० | २१५००००० |
| झ | ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तर बहत्तरको रोयल्टी र निकासी कर | ० | ० | ३६६०००० | २७५००००० | ३०००००००० | ३३०००००० |
| ञ | विज्ञापन कर | ० | ० | १००२००० | ० | ० | १५००००० |
| | **जम्मा** | **३६१७१६६०** | **३०००००००** | **३२२८७७८६** | **८४३०००००** | **९१६०००००** | **९९८०००००** |
| २ | **संघीय सरकारको वित्तीय हस्तान्तरण** | | | | | | |
| क | समानीकरण अनुदान | १४४२०००००० | १५३१००००० | ७६५५०००० | १३३२००००० | १४०००००००० | १४५०००००० |
| ख | समपुरक अनुदान | ४५००००० | १७०००००० | ५६००००० | २०००००००० | २५०००००० | ३०००००००० |
| ग | विशेष अनुदान | ८३००००० | १५०००००० | ५०००००० | १०००००००० | १२५००००० | १५०००००० |
| घ | राजश्व बाडफाड | ९५४९३२१४ | ११०३७२००० | ४८३३७७०२ | ९५०००००० | १०००००००० | १०५०००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **जम्मा** | **२५२४९३२१४** | **२९५४७२०००** | **१३५४८७७०२** | **२५८२०००००** | **२७७५०००००** | **२९५००००००** |
| **३** | **प्रदेश सरकारको वित्तीय हस्तान्तरण** | | | | | | |
| क | समानीकरण अनुदान | १७२५२००० | १८२९४००० | ९१४७००० | १७५००००० | १८०००००० | १९०००००० |
| ख. | राजश्व बाडफाड | ११६९७६९१ | १२०७३००० | ७५५२१२४ | १२०००००० | १२५००००० | १३०००००० |
| ग | समपुरक अनुदान | २०००००० | ५०००००० | २५००००० | १०००००००० | १२५००००० | १३०००००० |
| घ | विशेष अनुदान | २०००००० | ५०००००० | २५००००० | ५०००००० | ६०००००० | ७०००००० |
| | **जम्मा** | **३२९४९६९१** | **४०३६७०००** | **२१६९९१२४** | **४४५०००००** | **४९००००००** | **५२००००००** |
| **४** | **शशर्त अनुदान/संघीय सरकार** | | | | | | |
| क | लघुउद्यम विकास कार्यक्रम | ३१००००० | २९००००० | १७६९००० | ३०००००० | ३३००००० | ३५००००० |
| ख | राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रम | ८००००० | ८००००० | ४८८०००० | ८००००० | १०००००० | १२००००० |
| ग | कृषि विकास कार्यक्रम | ८२००००० | ७६००००० | ४६३६००० | ८०००००० | ८५००००० | ९०००००० |
| घ | पशू विकास कार्यक्रम | १०००००० | ३२००००० | १९५२००० | ३५००००० | ४०००००० | ४५००००० |
| ङ | राष्ट्रिय परिचयपत्र तथा पंजीकरण कार्यक्रम | २३५४००० | १४००००० | ८५४००० | १०००००० | ८००००० | ७००००० |
| च | सबैका लागि शिक्षा (आधारभूत तथा माध्यामिक) | २०६३००००० | २२७७००००० | १३८८९७००० | २३०००००००० | २३५०००००० | २४००००००० |
| छ | प्राथमिक स्वास्थ्य कार्यक्रम | २९०००००० | ३०३००००० | १८४८३००० | ३०१००००० | ३०१५०००० | ३०२००००० |
| ज | प्रधानमन्त्री रोजगार कार्यक्रम | ५८९५००० | ६६००००० | ४०२६००० | ७०००००० | ७५००००० | ८०००००० |
| ञ | अन्य | १०३५३१००० | ४२११०००० | २३९२२९८० | २५०००००० | २७५००००० | ३०००००००० |
| | **जम्मा** | **३६०१८००००** | **३२२६१००००** | **१९९४१९९८०** | **३०८४०००००** | **३१७७५००००** | **३२७१०००००** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **शशर्त अनुदान/प्रदेश सरकार** | | | | | | |
| | ससर्त अनुदान | ६४७१००० | १५०००००० | ७५९०००० | १५०००००० | १७५००००० | २००००००० |
| | **जम्मा** | **६४७१०००** | **१५००००००** | **७५९००००** | **१५००००००** | **१७५०००००** | **२०००००००** |
| **६** | **अन्य** | | | | | | |
| | घरजग्गा रजिष्ट्रेशन शुल्क | ४६३४०९२८ | | १५११४९५० | ५०००००००| ५२५००००० | ५५०००००० |
| | **जम्मा** | **४६३४०९२८** | | **१५११४९५०** | **५००००००० ** | **५२५०००००** | **५५००००००** |
| | **कुल जम्मा** | ३७४४२६४९३ | ७०३४४९००० | ४११५९९५४२ | ७६०४००००० | ८०५८५०००० | ८४८९००००० |

**१.६ वजेटको सीमा** :वजेटको प्रक्षेपणको आधारमा आगामी आ.व. ०८०/०८१ का लागि कुल रु.७६०४०००००।० (छेहत्तर करोड चार लाख) वजेटको सीमा निर्धारण गर्ने निर्णय गरियो । कुल प्रक्षेपित वजेट मध्ये रु. ८ करोड वडा कार्यालयहरुको लागि र रु.३ करोड विभिन्न योजनाहरुमा समपुरक (Maching) गर्न छुट्याई बाँकी रु.६५०४०००००।० देहायका विषयगत क्षेत्र अनुसार बाडफाड गर्ने ।

**१.७ विषयगत वजेट सीमा** : वजेटको मार्गदर्शन, उद्येश्य, वजेट तथा योजनाको प्राथमिकीकरण समेतका आधारमा उपलब्ध श्रोत र साधनको सन्तुलित र समानुपातिक वितरण हुनेगरी देहाय बमोजिम विषयगत वजेट सीमा निर्धारण गर्ने निर्णय गरियो ।

| सि.नं. | विषयगत क्षेत्रहरु | श्रोत | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | ससर्त | आन्तरिक | | |
| १। | आर्थिक विकास | २१५००००० | ४७५००००० | ६९०००००० | ११ |
| २। | सामाजिक विकास | २६१०००००० | ३५५००००० | २९६५००००० | ४६ |
| ३। | पूर्वाधार विकास | ५०००००००० | १११९००००० | १६१९००००० | २५ |
| ४। | बातावरण संरक्षण तथा विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र | १०००००० | २१०००००० | २२०००००० | ३ |
| ५। | संस्थागत विकास, सेवा प्रवाह तथा शुसासन र न्यायीक क्षेत्र | १०००००० | १००००००००० | १०१०००००० | १६ |
| | जम्मा रु. | ३३४५००००० | ३१५९००००० | ६५०४००००० | १०० |

नोट :

- सामाजिक विकास अन्तर्गत शिक्षकहरु र स्वास्थ्य सेवाको कर्मचारीहरुको तलवभत्ता समावेश हुनेछ ।
- संस्थागत विकास, सेवा प्रवाह तथा शुसासन र न्यायीक क्षेत्र अन्तर्गत कर्मचारी, निर्वाचित पदाधिकारीहरुको तलव सुविधा, कार्यालय संचालन खर्च, अन्य कार्यक्रम खर्चहरु समावेश हुनेछ ।

**निर्णय नं. २ :** उपरोक्त अनुसारको वजेटको सीमा भित्र रही आगामी आर्थिक वर्ष ०८०/०८१ को वजेट तर्जुमा गर्न बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति र वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :** आगामी आर्थिक वर्ष ०८०/०८१ को लागि वडा स्तरीय योजना र वडा कार्यालय संचालनका लागि कुल रु. ८ करोड वजेटको सीमा निर्धारण गर्ने । वडाको कुल बजेटको सीमालाई वडाको जनसंख्या, क्षेत्रफल, गरिवीको अवस्था, साक्षरता प्रतिशत र राजश्व उठाएको सुचकलाई आधारमानी शुत्रमा राखी बाँडफाँड गरिनेछ । वडा कार्यालयले वडालाई प्राप्त वजेट सिलिङ्ग भित्र देहायको शर्तका अधिनमा रही योजना तर्जुमा गरी पठाउन वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

१. वडा कार्यालय संचालनका लागि आवश्यक पर्ने चालु खर्च (जस्तै, धारा, पानी, विजुली, बैठक भत्ता लगायत अन्य प्रशासनिक खर्च) वडालाई प्राप्त सिलिङ्गबाट व्यवस्थापन गर्नुपर्नेछ । चालु खर्चको वाँडफाँड योजना संगै पेश गर्नुपर्नेछ । चालु खर्चको सीमा यस प्रकार हुनेछ ।
   - रु. ४० लाख सम्म अनुदान पाएको वडाले सीमाको ५ प्रतिशत सम्म,
   - रु. ४० लाख भन्दा माथि रु. ५० लाख सम्म अनुदान पाएका वडाले सीमाको ४ प्रतिशत,
   - ५० लाख भन्दा माथि अनुदान पाएका वडाले सीमाको ३ प्रतिशत,

२. योजना छनौट गर्दा सहभागीतामुलक प्रक्रिया र विधि अबलम्बन गर्नुपर्नेछ ।

३. वडास्तरीय योजनाको रुपमा रु. २ लाख भन्दा साना योजना छनौट गर्न पाइने छैन । तर, वडा भित्रका सानातिना योजना र कार्यक्रमलाई सम्बोधन गर्न बडालाई प्राप्त वजेट सिलिङ्गबाट "सानातिना योजना र कार्यक्रम" शिर्षकमा एकमुष्ट रकम छुट्याउन पाइनेछ ।

४. सडक योजना छनौट गर्दा नगर यातायात गुरु योजना (MTMP) भित्र परेका योजना छनौट गर्नुपर्नेछ ।

५. वडास्तरीय वजेटबाट संचालन गर्न नसकिने ठुला योजनाहरु नगरपालिका, प्रदेश तथा संघको योजनामा पेश गर्न शिफारिश गर्नुपर्नेछ ।

६. वडास्तरीय योजना तर्जुमा गर्दा माथि उल्लिखित बुदा १.१ देखि १.४ सम्मका बुदालाई योजना तर्जुमाको मार्गदर्शनको रुपमा लिई सोही बमोजिम प्राथमिकीकरण समेत गर्नुपर्नेछ ।

७. स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याङ्कनका सुचकसंग तालमेल हुने गरी योजना छनौट गर्नुपर्नेछ ।

८. चालु बर्षको राजश्वका दर तथा सीमा सम्बन्धमा कुनै संसोधन गर्नुपर्ने भए वा दायरा थप गर्नुपर्ने भए सोको सुझाव सहित वडा समितिबाट निर्णय गराई पेश गर्नुपर्नेछ ।

९. एकीकृत सम्पती कर, मालपोत तथा भुमिकरको मूल्याङ्कनका आधारहरु हेरफेर गर्नुपर्ने भए चालु आर्थिक बर्षको मूल्याङ्कनका दर र संसोधन गर्नुपर्ने दर खुलाई वडा समितिबाट निर्णय गराई पेश गर्नुपर्नेछ ।

# वडा समितिका लागि शूत्रमा आधारित अनुदान व्यवस्था आ.व. २०८०/०८१

| वडा नं. | वडाको क्षेत्रफल (१०) | 5450000 | जनसंख्या (४०) | 21800000 | गरिबीको अवस्था (२५) | 13625000 | साक्षरताको अवस्था (१५) | 8175000 | राजश्वको अवस्था (१०) | 5450000 | शूत्रमा आधारित जम्मा | न्यूनतम अनुदान | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | 3 | 127327 | 3812 | 1432712 | 4 | 555900 | 78 | 492451 | 1386630 | 289378 | 2897769 | 1500000 | 4397769 |
| २ | 1 | 46416 | 2719 | 1021916 | 6 | 833850 | 76 | 481186 | 1082349 | 225877 | 2609245 | 1500000 | 4109245 |
| ३ | 1 | 39163 | 1996 | 750182 | 2 | 277950 | 85 | 537763 | 1104286 | 230455 | 1835513 | 1500000 | 3335513 |
| ४ | 2 | 92348 | 3199 | 1202321 | 13 | 1827113 | 72 | 453810 | 419138 | 87471 | 3663062 | 1500000 | 5163062 |
| ५ | 24 | 1151211 | 2252 | 846398 | 3 | 356975 | 71 | 444370 | 814329 | 169944 | 2968897 | 1500000 | 4468897 |
| ६ | 19 | 934120 | 1817 | 682906 | 4 | 555900 | 68 | 430210 | 416232 | 86864 | 2690000 | 1500000 | 4190000 |
| ७ | 2 | 85096 | 2411 | 906157 | 7 | 912875 | 78 | 493332 | 1217487 | 254079 | 2651539 | 1500000 | 4151539 |
| ८ | 2 | 106853 | 1535 | 576918 | 2 | 317463 | 76 | 480368 | 553479 | 115506 | 1597108 | 1500000 | 3097108 |
| ९ | 5 | 238365 | 3669 | 1378967 | 8 | 1130875 | 69 | 433042 | 696748 | 145406 | 3326654 | 1500000 | 4826654 |
| १० | 4 | 177928 | 3616 | 1359047 | 4 | 495950 | 81 | 510387 | 1834529 | 382851 | 2926162 | 1500000 | 4426162 |
| ११ | 2 | 117974 | 3845 | 1445115 | 4 | 555900 | 79 | 495786 | 1910155 | 398633 | 3013408 | 1500000 | 4513408 |
| १२ | 2 | 101535 | 2672 | 1004252 | 3 | 356975 | 80 | 501010 | 1043228 | 217713 | 2181484 | 1500000 | 3681484 |
| १३ | 2 | 109271 | 3697 | 1389490 | 3 | 376050 | 82 | 514477 | 2892996 | 603744 | 2993033 | 1500000 | 4493033 |
| १४ | 3 | 146500 | 3832 | 1440229 | 2 | 317463 | 75 | 473256 | 2454581 | 512251 | 2889699 | 1500000 | 4389699 |
| १५ | 2 | 80261 | 3655 | 1373705 | 5 | 674438 | 80 | 504219 | 1929733 | 402719 | 3035342 | 1500000 | 4535342 |
| १६ | 31 | 1482408 | 5855 | 2200559 | 9 | 1271213 | 77 | 484899 | 2858506 | 596546 | 6035624 | 1500000 | 7535624 |
| १७ | 9 | 412908 | 7421 | 2789128 | 20 | 2779500 | 72 | 450034 | 3500673 | 730561 | 7162132 | 1500000 | 8662132 |
| | 113 | 5449684 | 58003 | 21800000 | 100 | 13596388 | 1300 | 8180601 | 26115079 | 5450000 | 54476672 | 25500000 | 79976672 |